PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ,

फोन: ०१-५३३९५६९ ०१-५३४११७७

## प्रेस विज्ञप्ति-४२

### " नावालिकालाई वेश्यावृत्तिमा लगाउने खाजाघर सञ्चालक पक्राउ "

जिल्ला दार्चुला व्यास गाउँपालिका वडा नं. ०६ हुती स्थायी वतन भई जिल्ला काठमाण्डौं टोखा नगरपालिका वडा नं. ०९ बस्ने वर्ष २९ को लोकेन्द्र बडु समेतले जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.०९ मा संचालन गर्ने गरेको **सुर्खेत खाजाघरमा** नाबालिकाहरुलाई विभिन्न किसिमको डरत्राश र प्रलोभनमा पारी वेश्यावृत्तीमा लगाउने गरेको भन्ने गोप्य सुचनाको आधारमा यस ब्युरोबाट खटिएको प्रहरी टोलीले मिति २०८१।०१।१८ गते उक्त खाजाघरमा गई अनुगमन गर्ने क्रममा नाबालिका जाहेरवाला **परिवर्तित नाम २६ बबरमहल (२९३)** लाई २०८० सालको कार्तिक महिना देखी उक्त खाजाघरमा राखी वेश्यावृत्तिमा लगाई राखेको अवस्थामा फेला पारिएकोले निज बालिकालाई तत्काल उद्दार गरि निजलाई जवरजस्ती वेश्यावृत्तीमा लगाउने कार्यमा संलग्न उल्लेखित खाजाघरका संचालकहरुलाई मिति २०८०।१२।१८ गते १७:०० बजेको समयमा पक्राउ गरी पीडित जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२९३) ले पेश गरेको जाहेरीको आधारमा **मानव बेचबिखन तथा ओसारपसार मुद्दामा** सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन (५) को म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ अभियुक्तहरुको विवरण :-**

**क)** जिल्ला दार्चुला व्यास गाउँपालिका वडा नं. ०६ हुती स्थायी वतन भई जिल्ला काठमाण्डौं टोखा नगरपालिका वडा नं. ०९ दिपज्योती मार्ग बस्ने वर्ष २९ को **लोकेन्द्र बडु**।

**ख)** जिल्ला सर्लाही साविक ढुंग्रे खोला गा.वि.स वडा नं. ०२ हाल परिवर्तित हरिवन नगरपालिका वडा नं. ०२ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौं टोखा नगरपालिका वडा नं. ०९ बस्ने वर्ष ३७ की **कान्छीमाया घिसिङ**।

**पक्राउ परेका अभियुक्तहरुको फोटो:-**



**लोकेन्द्र वडु**



**कान्छीमाया घिसिङ**

## प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

- निज प्रतिवादीहरुले जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.९ मा संयुक्त रुपमा सुर्खेत खाजा घर संचालन गर्ने गरेको खुल्न आएको।
- खाजाघरमा नेपालका विभिन्न स्थानबाट नाबालिकाहरुलाई वेटर लगाएतको काममा लगाउने भनि खाजाघर ल्याई विभिन्न किसिमको डरत्राश र प्रलोभन देखाई खाजाघरमा आउने ग्राहकहरुसँग खाजाघरमा नै रहेको कोठामा र ग्राहकले चाहेमा बाहिरको होटल/गेष्टहाउसहरुमा समेत पठाई वेश्यावृत्तिमा लगाउने गरेको खुल्न आएको।
- जाहेरवालालाई वेश्यावृत्तिमा लगाए वापत प्रतिवादीहरुले एकजना ग्राहकबाट रू. ५,०००।-(पाँच हजार रूपैयाँ) देखी ८,०००।-(आठ हजार रूपैयाँ) सम्म लिने गरेको खुल्न आएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

नेपाल सरकार
प्रहरी प्रधान कार्यालय
मानव बेचबिखन अनुसन्धान ब्यूरो

**मिति:- २०८१/०१/२० गते।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२८११६०**

Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np